गरुडा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गरुडा, रौतहट

मधेश प्रदेश, नेपाल

**दोस्रो पटक प्रकाशित सूचना मिति :-२०८२/०२/०५**

**विषयः अनुदानमा दुग्ध डेरीसँग सम्वन्धित यन्त्र (उपकरण) तथा सामाग्री, सिंचाईकोलागि विद्युत मोटर, सिंचाईको लागि पम्पसेट वितरण, बाखा खरिद, भैंसी खरिद, कुखुराको खोर निर्माण, डेरी कोल्ड स्टोर निर्माण र माछा पोखरी निर्माण तथा मर्मत कार्यक्रम सम्वन्धी कार्यक्रम माग गर्ने सम्बन्धी ७ दिने सूचना ।**

यस गरुडा नगरपालिकाको आ.व.२०८१।०८२ मा संचालित कृषि व्यवसाय प्रवर्द्धनका लागि नेपाल सरकारको संघीय विशेष अनुदान अन्तर्गत खाद्य सुरक्षा, पोषण सहयोग तथा पशु विकास कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित कार्यक्रमहरु मध्ये कुनै एउटा कार्यक्रममा सहभागी हुन इच्छुक नगरपालिका क्षेत्रभित्र रहेका कृषक/कृषक समूह/कृषि फर्म/कृषि सहकारी/ दुग्ध डेरी उद्यमीले तपसिलमा उल्लेखित शर्तको अधिनमा रही सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र अनुदानमा दुग्ध डेरीसँग सम्वन्धित यन्त्र (उपकरण) तथा सामाग्री, बाखा खरिद, भैंसी खरिद, कुखुराको खोर निर्माण, डेरी कोल्ड स्टोर निर्माण र माछा पोखरी निर्माण तथा मर्मत कार्यक्रम लागि यस कार्यालयको पशु सेवा शाखामा र सिंचाईकोलागि विद्युत मोटर, पम्पसेट कार्यक्रम को लागि यस कार्यालयको कृषि शाखामा आवश्यक कागजात संलग्न गरी माग फारम सहित आवेदन दिनुहुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं. | कार्यक्रमको विवरण | छनौट हुने लाभग्राहीको संख्या | कैफियत |
|---|---|---|---|
| १. | चिलिङ भ्याट : | | ५०% अनुदान |
| | क. चिलिङ भ्याट (५०० लि. क्षमताको) | ६ | |
| | ख. चिलिङ भ्याट (१,००० लि. क्षमताको) | ४ | |
| | ग. चिलिङ भ्याट (२,००० लि. क्षमताको) | २ | |
| २. | पाश्चराइजर : | | ५०% अनुदान |
| | क. पाश्चराइजर (३०० लि. क्षमताको) | ३ | |
| | ख. पाश्चराइजर (५०० लि. क्षमताको) | २ | |
| ३ | डी फ्रीज (८०० लि. क्षमताको) | ५ | ५०% अनुदान |
| ४. | क्रिम सेपरेटर (३०० लि./प्रति घण्टा क्षमताको) | ३ | ५०% अनुदान |
| ५. | मिल्क क्यान आल्मुनियम (४० लि. क्षमाताको २४ वटा ) | ६ | ५०% अनुदान |
| ६ | मिल्क पम्प सामान्य | ५ | ५०% अनुदान |
| ७. | मिल्क एनालाइजर (इन्भटर सहित) | ९ | ५०% अनुदान |

| | | | |
|---|---|---|---|
| ८. | सिंचाईकोलागि विद्युत मोटर | ५७ | ५०% अनुदान |
| ९. | सिंचाईको लागि पम्पसेट | ५४ | ५०% अनुदान |
| १०. | बाखा खरिद | विनियोजित बजेट को आधारमा छनौट समितिले निर्धारण गरे अनुसारको संख्या | ५०% अनुदान |
| ११. | भैंसी खरिद | विनियोजित बजेट को आधारमा छनौट समितिले निर्धारण गरे अनुसारको संख्या | ५०% अनुदान |
| १२. | कुखुराको खोर निर्माण | ६ | ५०% अनुदान |
| १३. | डेरी कोल्ड स्टोर निर्माण | २ | ५०% अनुदान |
| १४. | माछा पोखरी निर्माण | विनियोजित बजेट को आधारमा छनौट समितिले निर्धारण गरे अनुसारको संख्या | १०,०००/- प्रति कठ्ठा (जलासय क्षेत्र) |
| १५. | माछा पोखरी मर्मत | विनियोजित बजेट को आधारमा छनौट समितिले निर्धारण गरे अनुसारको संख्या | ५,०००/- प्रति कठ्ठा (जलासय क्षेत्र) |

**आवश्यक कागजातहरु**

१. **कृषक हकमा**

(क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

(ख) जग्गाधनीको लालपूर्जा वा करार सम्झौता प्रतिलिपि ( पोखरी निर्माण तथा मर्मतको हकमा) ।

(ग) चालु आ.व. मालपोत तिरेका रसिदको प्रतिलिपी ।

(घ) कृषक /उद्यमी दर्ता प्रमाण पत्र प्रतिलिपि

(ङ) कुखुराको खोर निर्माण गर्नेले आफ्नो नाममा जग्गा भएको हुनुपर्ने ।

(च) निर्माण कार्यको हकमा लागत इस्टिमेट

(छ) वडा कार्यालयको सिफारिस पत्र ।

(ज) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि

(झ) लागत सहभागिता व्यहोर्ने र पाँच वर्ष सम्म व्यवसाय गर्ने प्रतिवद्धता पत्र

(ञ) यस्तै प्रकृतिको कार्यक्रमको लागि विगत २ वर्षमा अनुदान नलिएको स्वघोषणापत्र

२. **कृषक समूह /कृषि फर्म/डेरी उद्यमीको हकमा**

(क) कृषक समूह वा फर्म वा व्यवसाय दर्ता प्रमाण पत्र

(ख) समितिको बैठकको निर्णय प्रतिलिपी । ( समूहको हकमा)

(ग) स्थायी लेखा नं.को प्रतिलिपी

(घ) कर चुक्ता पत्रको प्रतिलिपी

(ङ) जग्गाधनीको लालपूर्जा वा बहाल सम्झौता प्रतिलिपि (पोखरी निर्माण तथा मर्मतको हकमा) ।

(च) वडा कार्यालयको सिफारिस पत्र ।

प्रमुख प्रशासकीय अधिकृत

गरुडा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गरुडा, रौतहट
मधेश प्रदेश, नेपाल

(च) वडा कार्यालयको सिफारिस पत्र ।

(छ) लागत सहभागिता व्यहोर्ने र पाँच वर्ष सम्म व्यवसाय गर्ने प्रतिवद्धता पत्र

(ज) यस्तै प्रकृतिको कार्यक्रमको लागि विगत २ वर्षमा अनुदान नलिएको स्वघोषणापत्र

(झ) व्यवसायीक योजना

३. सहकारी संस्थाको हकमा

(क) सहकारी दर्ता प्रमाण पत्र तथा निणर्य प्रतिलिपि ।

(ख) जग्गाधनीको लालपूर्जा वा बहाल सम्झौता प्रतिलिपि (पोखरी निर्माण तथा मर्मतको हकमा) ।

(ग) समितिको बैठकको निर्णय प्रतिलिपी ।

(घ) स्थायी लेखा नं.को प्रतिलिपी

(ङ) लेखा परीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी

(च) यस्तै प्रकृतिको कार्यक्रमको लागि विगत २ वर्षमा अनुदान नलिएको स्वघोषणापत्र

(छ) वडा कार्यालयको सिफारिस पत्र ।

(ज) लागत सहभागिता व्यहोर्ने र पाँच वर्ष सम्म व्यवसाय गर्ने प्रतिवद्धता पत्र

(झ) व्यवसायीक योजना

(मुहम्मद मुस्ताक आलम)
प्रमुख प्रशासकीय अधिकृत